Together We Can Achieve
नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्टस्
Nepal Association of Tour & Travel Agents

NATTA 1966

Goma Ganesh, Gairidhara, Naxal,
P. O. Box: 362, Kathmandu, Nepal
Tel: 977-1-4419409/4418661
Fax: 977-1-4418684
E-mail: natta@mail.com.np
ceo@natta.org.np
info@natta.org.np
Website: www.natta.org.np

SWC Affiliation No.: 25285

मितिः २०७२/२/११

## दक्षिण एसिया पर्यटन परिषद्मा नाट्टा उपाध्यक्ष

मित्रराष्ट्र बांग्लादेशको राजधानी ढाकामा बांग्लादेश फाउन्डेशन फर टूरिज्म डिभलपमेन्ट (Bangladesh Foundation for Tourism Development) को तत्वावधानमा ढाकामा गत २२ मईमा सम्पन्न सार्क मुलुकका पर्यटन व्यवसायिक संस्थाहरुको बसेको संयुक्त बैठकले दक्षिण एसिया पर्यटन परिषद् (South Asia Tourism Federation) गठन गरेको छ । बांग्लादेश अंतराष्ट्रिय होटेल एशोसिएशनका प्रमुख हकिम अलिको अध्यक्षतामा गठित दक्षिण एसिया पर्यटन परिषद्मा नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) का अध्यक्ष डी.बी. लिम्बू दोश्रो उपाध्यक्ष पदमा निर्वाचित हुनु भएको छ । नाट्टाका प्रमुख कार्यकारी अधिकृत प्रा. डा. हरि शर्मा नेपालबाट परिषद्का संस्थापक सदस्य रहनु भएको छ । परिषद्मा भारतबाट प्रथम उपाध्यक्ष, एशोसिएशन अफ भूटान टूर अपरेटर्सका कार्यकारी निर्देशक सोनाम दोर्जे महासचिव र होटेल एण्ड रेस्टूरेन्ट एशोसिएशन अफ भूटानका महा-सचिव संगीता राना कोषाध्यक्ष पदमा निर्वाचित हुनु भएको छ । परिषद्ले बांग्लादेश फाउन्डेशन फर टूरिज्म डिभलेपमेन्टका कार्यकारी निर्देशक रेजौल इकरामको संयोजकत्वमा त्रिपुरा पर्यटन (भारत) का अजित कुमार पाल तथा एफ आई सीसी आई पर्यटन समिति (भारत) का अंशुमान मित्रा सम्मिलित परिषद्को कार्यसमिति समेत गठन गरेको दक्षिण एसिया पर्यटन परिषद्ले जनाएको छ । आगामी दिनहरुमा यस कार्यसमितिले सार्कको औपचारिक अनुमोदनका लागि कार्य गर्दै जाने उद्देश्य लिएको दक्षिण एसिया परिषद्का उपाध्यक्ष डी.बी. लिम्बूले बताउनु भएको छ ।

.........................................................................................................

महोदय,

कृपया उपरोक्त प्रेस सामाग्री तपाईको लोकप्रिय संचार माध्यम मार्फत प्रचार प्रसारका लागि अनुरोध गर्दछौं ।

मिहिका धाख्वा
महा सचिव

NATTA 1966 Together We Can Achieve

UFTAA
Tourism Council of Thailand
NATURALLY NEPAL ONCE IS NOT ENOUGH
NEPAL
नेपाल चेम्बर NEPAL CHAMBER